# प्रुडेन्सीयल फाइनान्स कम्पनी लिमिटेड

डिल्लीबजार, काठमाण्डौ, नेपाल

को

आ.ब. २०६५/६६ को

# छैटौं वार्षिक प्रतिवेदन

**प्रुडेन्सीयल फाइनान्स कम्पनी लि.**
डिल्लीबजार,काठमाण्डौं,नेपाल ।
पो.ब.नं.५६८१,फोन नं.४४४५९८८,४४४६४५४
फ्याक्स ४४४६४५३, वेबसाइट:www.pbsl.com.np

## छैटौं वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

यस कम्पनीको सञ्चालक समितिको मिति २०६६/११/२० गते बसेको ८७ औं बैठकको निर्णय बमोजिम कम्पनीको छैटौ वार्षिक साधारण सभा निम्न बिषयहरु उपर छलफल गर्न देहाय बमोजिमको मिति, स्थान र समयमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मिति : २०६६ चैत्र १६ गते, सोमबार (तदअनुसार मार्च २९, २०१०) ।
स्थान : नेपाल पर्यटन बोर्डको सभा कक्ष, भृकुटीमण्डप, काठमाण्डौं ।
समय : दिनको ११:०० बजे ।

**छलफलका लागि बिषयसूची :**

**सामान्य प्रस्ताव**

१. छैटौ वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०६६ आषाढ मसान्तको वासलात तथा मिति २०६५ श्रावण १ देखि २०६६ आषाढ ३१ गतेसम्मको नाफानोक्सान हिसाव र सोही अवधिको नगद प्रवाहको विवरण पारित गर्ने ।
३. आ.व. २०६६।६७ को कम्पनीको हरहिसावको लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने । (गत वर्षका लेखापरीक्षक नियुक्तिका लागि योग्य हुनुहुन्छ ।)
४. कम्पनीको सञ्चालक समितिले पारित गरे बमोजिम गत आ.व. २०६५।६६ को खुद मुनाफाबाट चुक्ता पूँजीको १०.५२६३ प्रतिशत (कर समेत) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।
५. संस्थापक शेयरधनीहरु मध्येबाट २ जना तथा सर्वसाधारण शेयरधनीहरु मध्येबाट २ जना संचालक समितिमा प्रनितिधित्व गर्ने संचालकहरुको निर्वाचन गर्ने ।
६. विविध ।

**विशेष प्रस्ताव :**

१. कम्पनीको प्रबन्धपत्रको दफा ५ मा मुद्रा विप्रेषण (Money Transfer) सम्बन्धी कार्य थप गर्ने प्रस्ताव पारित गर्ने ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**<u>साधारण सभा सम्वन्धी जानकारी</u>**

(१) यस साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा साधारण शेयर दाखिल-खारेजको कार्य मिति २०६६ चैत्र ३ गते देखि २०६६ चैत्र १६ गतेसम्म बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लि. मा मिति २०६६।१२।२ गते सम्म कारोवार भई मिति २०६६।१२।१० गते भित्र यस फाइनान्स कम्पनीको डिल्लीबजार स्थित रजिष्टर्ड कार्यालयमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा मतदान गर्न पाउने छन् ।

(२) शेयरधनी दर्ता पुस्तिका बन्द भएको मितिमा कायम शेयरधनी महानुभावहरुको ठेगानामा सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन र वार्षिक आर्थिक प्रतिवेदन हुलाक वा कुरियर सेवा मार्फत पठाइने छ । कारणवश प्राप्त नगर्नु हुने शेयरधनी महानुभावहरुले यस कम्पनीको केन्द्रीय कार्यालयमा शेयरधनी प्रमाणपत्र प्रस्तुत गरी प्राप्त गर्न सक्नु हुनेछ ।

(३) वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले वार्षिक प्रतिवेदनका साथ संलग्न प्रवेश पत्र, साधारण शेयरको प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण पत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

(४) सभामा भाग लिने प्रत्येक शेयरधनीमहानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिने उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी उपस्थिति पुस्तिका बिहान १०.०० बजेदेखि खुल्ला रहनेछ ।

(५) साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी कम्पनीको शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नेछन् । कम्पनीको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी स्वत: बदर हुनेछ । एक शेयरधनीले एकभन्दा बढी प्रतिनिधि मुकर्रर गरेमा कम्पनीको केन्द्रीय कार्यालयमा पहिले दर्ता भएको प्रतिनिधिलाई मात्र मान्यता दिइनेछ । प्रतिनिधि नियुक्त गरिएको निवेदन मिति २०६६/१२/१० देखि मिति २०६६/१२/१४ गते दिनको ११.०० बजे भित्र कम्पनीको डिल्लीबजार स्थित केन्द्रीय कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ ।

(६) नाबालक वा विक्षिप्त शेयरधनीको हकमा कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नेछ । संयुक्त रुपमा साधारण शेयर लिने शेयरधनीहरुको हकमा त्यस्तो शेयरधनीहरु मध्येबाट सर्वसम्मत रुपमा मनोनित प्रतिनिधिले वा सो बमोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनी दर्ता किताबमा पहिले नाम उल्लेख भएको शेयरधनीले मात्र साधारण सभामा भाग लिन पाउनेछ ।

(७) यस कम्पनीको संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रनिनिधित्व गर्ने संचालक पद २ तथा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रनिनिधित्व गर्ने संचालक पद २ को निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम कम्पनीको केन्द्रीय कार्यालयमा प्रकाशित गरिनेछ ।

(८) संचालक पदमा उमेद्वार हुन चाहने शेयरधनीले निर्वाचन कार्यक्रममा तोकिएको अवधि भित्र एकजना शेयरधनी प्रस्तावक र अर्को एकजना शेयरधनी समर्थक सहित फाइनान्स कम्पनीले तोकेको ढांचामा यस कम्पनीको केन्द्रीय कार्यालयमा अवस्थित निर्वाचन अधिकृतको कार्यकक्षमा आफ्नो उम्मेद्वारी दर्ता गर्नुपर्नेछ ।

(९) निर्वाचन सम्बन्धी अन्य कार्यक्रमको जानकारी कम्पनीको केन्द्रीय कार्यालयमा पछि प्रकाशित हुने निर्वाचन कार्यक्रमबाट उपलब्ध हुनेछ ।

(१०) शेयरधनीबाट उठेका प्रश्न, जिज्ञाशा वा मन्तव्यहरुको सम्वन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।

(११) कुनै शेयरधनीहरुलाई कम्पनीका सम्बन्धमा केही जिज्ञाशा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा शुरु हुनुभन्दा कम्तिमा सात (७) दिन अघि कम्पनीको केन्द्रीय कार्यालयमा पठाउनु हुन अनुरोध गर्दछौ । तर यसलाई छलफल र पारित प्रस्तावको रुपमा समावेश गरिने छैन् ।

(१२) सभा अवधिभर सभास्थलमा रहेका सुरक्षाकर्मीले आवश्यक ठानेमा सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा निजहरुलाई सहयोग गर्नुहुन अनुरोध छ ।

(१३) कम्पनीको विवरण कम्पनीको वेबसाइट www.pbsl.com.np मा हेर्न सकिनेछ तथा साधारण सभा सम्बन्धी अन्य जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

## प्रतिनिधि (PROXY) नियुक्त गर्ने निवेदन

श्री संचालक समिति
प्रुडेन्सीयल फाइनान्स कम्पनी लिमिटेड
डिल्लीबजार,काठमाण्डौ ।

बिषय : प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,
.............जिल्ला ...................न.पा./गा.वि.स.वडा नं........ बस्ने म / हामी ........................ ले प्रुडेन्सीयल फाइनान्स कम्पनी लिमिटेडको शेयरधनीको हैसियतले मिति २०६६ साल चैत्र महिना १६ गते सोमबारका दिन हुने संस्थाको छैटौ वार्षिक साधारण सभामा स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नको लागि .....................जिल्ला .............................न.पा./गा.वि.स.वडा नं........ बस्ने त्यस संस्थाका शेयरधनी श्री ................................ शेयर प्रमाणपत्र नम्बर.................शेयरधनी नम्बर ............ लाई मेरो /हाम्रो प्रतिनिधि(प्रोक्सी) मनोनित गरी पठाएको छु/छौं ।

निवेदक ,
दस्तखत :

नाम :

ठेगाना :

शेयरधनी नम्बर :

शेयरप्रमाणपत्र :

शेयर कित्ता नं. : देखि सम्म

मिति :

नोट : यो निवेदन साधारण सभा शुरु हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै (अर्थात मिति २०६६/१२/१४ गते बिहान ११:०० बजे भित्र) कम्पनीको रजिष्टर्ड कार्यालय, डिल्लीबजारमा पेश गरी सक्नुपर्नेछ ।

.....................................................................................................................................

## प्रवेश पत्र

शेयरधनीको नामः..........................................

शेयर प्रमाणपत्र नं...............शेयर संख्या ...........शेयरधनी नं...................

शेयरधनीको दस्तखत :.........................

(मिति २०६६ साल चैत्र १६ गते सोमबारका दिन हुने प्रुडेन्सीयल फाइनान्स कम्पनी लिमिटेडको छैटौ वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश पत्र)

द्रष्टव्य : १) शेयरधनी आफैले खाली कोष्ठहरु भर्नु होला ।
२) सभा कक्षमा प्रवेश गर्न यो पत्र प्रस्तुत गर्नु अनिवार्य छ ।

कम्पनी सचिव

## छैटौ बार्षिक साधारण सभामा संचालक समितिको प्रतिबेदन

आदरणीय शेयरधनी महानुभावहरु,

यस प्रुडेन्सीयल फाइनान्स कम्पनी लिमिटेडको छैटौ  साधारण सभामा सहभागि हुन पाल्नु भएका समस्त शेयरधनी महानुभावहरुमा कम्पनी संचालक समितिको तर्फबाट हार्दिक स्वागत तथा अभिबादन गर्दछु । यस कम्पनीले आफ्नो अवस्थामा समय सापेक्ष सुधार गरी शेयरधनीमहानुभावहरु प्रति आफ्नो कर्तब्य पूरा गर्न सक्षम भएको छ । समिक्षा अवधिका दौरान मुलुकमा बिद्यमान प्रतिकुल अवस्थामा पनि यस कम्पनीले उत्साहप्रद उपलब्धी हासील गरेको जानकारी गराउन पाउँदा हामीलाई हर्ष तथा सन्तोष लागेको छ । यसले हाम्रो कुशल व्यवस्थापन, दक्ष मानव संशाधन  तथा व्यवसायीक दृष्टिकोण तथा कम्पनीको कार्यक्षमता लाई प्रतिविम्बित गर्दछ । कम्पनीलाई सुरक्षित लगानी मार्फत उच्च प्रतिफल प्राप्त गर्ने दिशा तर्फ लाने हाम्रो प्रतिवद्धता निरन्तर कायम रहेको  छ र रहनेछ ।

सञ्चालक समितिको छैठौं बार्षिक प्रतिबेदनका रुपमा ३१ आषाढ २०६६ को वासलात, उक्त मितिमा समाप्त भएको आर्थिक वर्ष २०६५/६६ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा हामीलाई हर्ष लागेको छ । यो प्रतिवेदन बैंक तथा बित्तीय संस्था सम्वन्धि ऐन, २०६३, नेपाल राष्ट्र बैंकको निर्देशन तथा कम्पनी ऐन, २०६३ अनुरुप रहेको छ ।

### १. बिगत बर्ष ( आर्थिक वर्ष २०६५/६६ ) को कारोवारको सिंहावलोकन

देशमा विद्यमान राजनैतीक अस्थिरता तथा प्रतिकूल व्यापारिक परिस्थितिमा पनि गत बर्षको तुलनामा आफ्नो व्यवसायको सम्पूर्ण क्षेत्रमा उल्लेखनीय बृद्धि हासिल गर्न कम्पनी सफल भएको छ । समीक्षा अवधिमा कम्पनीले सञ्चालन मुनाफातर्फ गत वर्षको तुलनामा २६.१२ % ले बृद्धि गरी रु. २ करोड ३१ लाख तथा खुद मुनाफा तर्फ गत वर्षको तुलनामा ३०.४६ % ले बृद्धि गरी रु.  १ करोड ४७ लाख खुद मुनाफा हासिल गर्न सफल भएको छ । आ.व. २०६५।६६ मा कम्पनीले हासिल गरेको कार्य प्रगतिका प्रमुख सूचकाङ्क देहाय बमोजिम रहेका छन् ।

रु. हजारमा

| विवरण | आ.व. २०६४।६५ | आ.व. २०६५।६६ | बृद्धि (ह्रास) प्रतिशत |
|---|---|---|---|
| चुक्ता पुँजी | १०,००,०० | १०,००,०० | – |
| जगेडा तथा कोष | ९४,२३ | १,३६,५७ | ४४.९३ |
| निक्षेप तथा तिर्न बाँकी कर्जा | ३५,७८,१२ | ८३,७७,९८ | १३४.१४ |
| कुल कर्जा सापटी | ३७,१४,२५ | ७४,५५,६९ | १२९.२३ |
| लगानी | १०,५५,०० | ७,६७,४४ | (२७.२६) |
| ब्याज आम्दानी | ५,०६,९१ | ८,१०,७९ | ५९.९५ |
| ब्याज खर्च | २,७४,६० | ४,५५,४४ | ६५.८६ |
| आयकर पछिको खुद नाफा | १,१३,१४ | १,४७,६० | ३०.४६ |
| प्रतिशेयर आम्दानी | ११.३१ | १४.७६ | ३०.५० |

**आम्दानी तथा खर्च**

गत वर्षको तुलनामा समीक्षा अवधिमा खुद व्याज आम्दानीमा ५२.९५ % ले बृद्धि भई रु. ३ करोड ५५ लाख तथा कुल आम्दानीमा ५२.५८% ले बृद्धि भई रु ४ करोड ४० लाख आर्जन गर्न सफल भएका छौ । कम्पनीको कारोवार तथा आम्दानीमा उल्लेख्य बृद्धि भएता पनि उपयुक्त व्यवस्थापनको कारण खर्च लाई रु. २ करोड ९ लाखमा सीमित राख्न कम्पनी सफल भएको छ । आम्दानी तथा खर्चको तुलनात्मक विवरण यस प्रकार रहेको छ ।

(रु. हजारमा)

| विवरण | आ.व. २०६४।६५ | आ.व. २०६५।६६ | बृद्धि प्रतिशत |
|---|---|---|---|
| कुल आम्दानी | २,८८,६४ | ४४०४४ | ५२.५८ % |
| कुल सञ्चालन खर्च | १,०५,०१ | २,०८,८३ | ९८.८७ % |
| खुद मुनाफा | १,१३,१४ | १,४७,६० | ३०.४६ % |

**निक्षेप**

समिक्षा अवधिको अन्तमा निक्षेपमा गत वर्षको तुलनामा ११९.८८% बृद्धि भई रु. ६८ करोड ७७ लाख पुगेको छ । निक्षेप संरचनामा बचत खाताको अंश कुल निक्षेपको २८.४२% रहेको छ ।

**कर्जा लगानी**

समिक्षा अवधिमा व्यापारीक तथा उपभोक्ता कर्जामा गत वर्षको तुलनामा भएको उल्लेखनीय वृद्धिको कारण कम्पनीको कर्जा लगानीमा १००.१९% ले बृद्धि भई रु. ७५ करोड ९५ लाख पुगेको छ । कम्पनीको कुल निष्कृय कर्जा कूल कर्जाको ०.८५% रहेको छ जुन अन्तर्राष्ट्रिय मापदण्डभित्र रहेको छ र यसबाट बैंकको कर्जाको गुणस्तर उत्कृष्ट रहेको समेत देखिन्छ ।

**पुँजी तथा जगेडा**

कम्पनीको पुँजी पर्याप्तता अनुपात नेपाल राष्ट्र बैंकले तोकेको न्युनतम ११% तथा अन्तर्राष्ट्रिय मापदण्ड भन्दा समेत बढि १३.९८% रहेको छ जसबाट कम्पनीको वित्तीय स्थिति मजबुत रहेको प्रमाणित हुन्छ । समिक्षा अवधिको अन्त्यमा कम्पनीको जारी तथा चुक्ता पुँजी रु १० करोड रहेको छ ।

**नाफा नोक्सान बाँडफाँट**

कम्पनीले यस आ.ब.मा आर्जन गरेको आयकर पछिको खुद नाफा रु. १ करोड ४७ लाख ६० हजार ३६६ र गत वर्षसम्मको संचित मुनाफा रु. ५२ हजार ९१९ गरी जम्मा रु. १ करोड ४८ लाख १३ हजार २५५ मध्ये यस वर्षको मुनाफाको २० प्रतिशतले हुने रकम रु. २९ लाख ५२ हजार ६७ नेपाल राष्ट्र बैंकको निर्देशन तथा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०६३ बमोजिम साधारण जगेडा कोषमा छुट्याइएको , पूँजी समायोजन कोषमा रु. ५ लाख रकमान्तर गरी उक्त कोषमा रु. ५० लाख पु-चाइएको छ । तत्पश्चात बाँकी रहेको रकम मध्येबाट नगद लाभांस रु. १ करोड ५ लाख २६ हजार ३१६ (१०.५२६३ प्रतिशत कर सहित) वितरणको प्रस्ताव गरिएको र बाँकी रकम रु. ८ लाख ३४ हजार ८७२ संचित मुनाफामा लेखाकंन गरिएको छ ।

**प्रविधि विकास**

कम्पनीले ग्राहकहरुको सेवालाई सर्वोत्तम प्राथमिकता दिई उत्कृष्ट सेवा दिन आवश्यक प्रबिधि विकासमा जोड दिंदै आईरहेको छ । कम्पनीले पुमोरी सफ्टवेयर मार्फत आफ्ना ग्राहकहरुलाई आधुनिक सेवा प्रदान गर्दै

आईरहेको छ । हाम्रा सेवाग्राहिहरुको मूल्यवान समय तथा सुबिधा लाई कदर गर्दे हामीले ATM/Debit Card सेवा संचालनमा ल्याएका छौ । हामी हाम्रा ग्राहकहरुलाई स्तरीय तथा बिश्वसनिय सेवाहरु उपलब्ध गराउन प्रतिबद्ध छौं यसका लागि हामीले हाम्रा कार्यविधिहरु, संरचना र रणनीतिहरुलाई हाम्रा ग्राहकहरुको चाहना र बजारको अवस्था अनुकूल बनाउन निरन्तर प्रयास गरीरहेका छौं ।

**मानव संशाधन तथा संस्थागत सुशासन**

आन्तरिक नियन्त्रण, उपयुक्त तथा बैज्ञानीक व्यवस्थापन प्रणाली र बजार अनुकुलको रणनीतिले नै संस्थाको सुशासन तथा सफलता सुनिश्चित गर्दछ । हामीले आफ्ना कर्मचारीहरुको योगदानको उच्च कदर गर्दै समयानुकुल प्रतिस्पर्धि बैंकिङ्ग सेवा प्रदान गर्न उनीहरुको बृत्ति तथा सिप विकासको आवश्यकतालाई राम्रोसँग बुझेका छौ र यसका लागि हामीले नियमितरुपमा समय सापेक्ष आन्तरीक तालिम संचालनका साथै बाह्य निकाय द्धारा संचालीत उपयुक्त तालिममा सहभागिता बढाएका छौ ।

## २. राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिबाट परेको प्रभाव

समिक्षा अवधिमा अन्तराष्ट्रिय अर्थतन्त्रमा देखिएको असर द्धितीय बिश्वयुद्ध यता सबै भन्दा नकारात्मक रह्यो । सन् २००९ मा बिश्व अर्थतन्त्रको बृद्धिदर ऋणत्मक हुन गएको छ । यसको असर नेपालमा पनि देखिन सुरु भएको छ । बिगतका केहि बर्षयता अर्थतन्त्रमा देखिएको न्युन बृद्धिदर तथा नयाँ नयाँ खुल्न लागेको बैंङ्क तथा बित्तिय संस्थाहरुले बैंकिङ्ग व्यवसाय झन झन चुनौतिपुर्ण हुँदै गईरहेको छ । बैंकिङ्ग क्षेत्रमा सुरक्षित लगानी क्षेत्रको अभावले गर्दा बैंकिङ्ग क्षेत्र उपभोक्तामूलक कर्जा लगानीमा केन्द्रित भएको छ । वैदेशिक रोजगारका लागि कामदारहरु विदेश जाने बढ्दो प्रबृत्ति यी कठिन समयमा एक सकारात्मक आर्थिक तत्वको रुपमा रहेको छ । मुलुकभित्र आउने विप्रेषणको बृद्धिले मुलुकको विदेशी विनिमय संचितिमा ठुलो योगदान पुर्‍याएको छ । तर हाल बिश्वब्यापी रुपमा देखिएको आर्थिक मन्दिका कारण बिप्रेषणमा संकुचन आउने संकेतहरु देखिन थालिसकेको छ । यस बाट बैंकिगं क्षेत्रमा नया जोखिम थपिने संकेत देखापरेको छ ।

अघिल्ला आर्थिक वर्षहरु जस्तै आर्थिक वर्ष २०६५।६६ पनि विकासको दृष्टिकोणले अस्थिर तथा चुनौतीपूर्ण वर्षकै रुपमा रह्यो । यी घटनाक्रमहरुले अर्थतन्त्रको स्थितिमा प्रत्यक्ष प्रभाव पारी समिक्षा अवधीमा पनि कुल गार्हस्थ उत्पादन वृद्धि सन्तोषजनक रहन सकेन । आर्थिक वर्ष २०६५।६६ मा नेपालको कुल ग्राहस्थ उत्पादन बृद्धिदर ३.९ प्रतिशत मात्र रहेको अनुमान छ । आर्थिक वर्ष २०६५।६६ को पहिलो ११ महिनामा कुल निर्यात १५.४ प्रतिशतले बढेको छ । सोहि अवधिमा आयात भने २६.३ प्रतिशतले बढेको छ । आर्थिक वर्ष २०६५।६६ को पहिलो ११ महिनामा बिप्रेषण आप्रबाह ५१.० प्रतिशतले बढेको छ भने बिदेशि अनुदान २२.३ प्रतिशतले बृद्धि भएको छ । समिक्षा अवधिमा बिदेशि बिनिमय संचिति २७.८ प्रतिशतले बृद्धि भएको छ । समिक्षा अवधिमा समग्र उपभोक्ता मुद्रास्फिति १२.३ प्रतिशत रहेको छ ।

ब्याज दरमा दबाब, सुरक्षित लगानीका अवसरहरुको निरन्तर कमी , वित्तीय क्षेत्रमा अनुत्पादक सम्पत्तिको बढ्दो मात्रा र उद्योग तथा व्यापार व्यवसायको परिमाणमा नगन्य मात्रामा वृद्धि आदिको समष्टिगत परिणामका कारण बैंकिङ्ग व्यवसाय अति नै प्रतिष्पर्धि हुदै गईरहेको छ । यस्तो वातावरणमा कम्पनीको मुनाफा वृद्धिलाई कायम राख्नु चुनौतिपूर्ण कार्य भएको छ ।

## ३. प्रतिवेदन तयार भएको मितिसम्म चालु बर्ष (२०६६।०६७) का उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा :

कम्पनीले गत वर्षको प्रथम छ महिनाको कारोवारको तुलनामा चालु वर्षको प्रथम छ महिनामा हासिल गरेको प्रगतिको वित्तीय झलक तल प्रस्तुत गरिएको छ ।

रु. लाखमा

| | आ. व. २०६५/६६ को प्रथम छ महिना | आ. व. २०६६/६७ को प्रथम छ महिना | प्रतिशत बृद्धि |
|---|---|---|---|
| सञ्चालन मुनाफा | ३६ | १५५ | ३३०.५५% |
| कूल निक्षेप | ४६,१५ | ८०,२८ | ७३.९५% |
| कर्जा तथा सापट | ४५,८७ | १,००,०१ | ११८.०३% |

देशमा विद्यमान आर्थिक तथा राजनैतिक परिस्थितिलाई हेरी कम्पनीले चालु आ.ब.मा बृद्धि दरमा नियन्त्रण कायम गरी गुणस्तरीय लगानी तथा जोखीम ब्यवस्थापनमा केन्द्रित रहने नीति लिएको छ ।

**वित्तीय संस्थाको भावी योजना :**

अ) पूँजी योजना : यस कम्पनीको पूँजीलाई क्रमिक रुपमा वृद्धि गर्दै लगी व्यवसायको दायरा फराकिलो पार्न तथा शाखा विस्तारको लागि समेत थप पूँजी आवश्यक हुने हुँदा र कम्पनीको स्तर वृद्धि समेतको लागि थप पूँजी आवश्यक पर्ने कारणले गर्दा क्रमिक रुपमा पूँजी वृद्धि गर्दै लैजाने सञ्चालक समितिको नीति रहेको व्यहोरा अवगत गराउन चाहन्छौं । यसै नीति अनुरुप गत वर्षको साधारण सभाबाट पारित भए बमोजिम कम्पनीका साविक शेयरधनीहरुको लागि १:२ को अनुपातमा २० लाख कित्ता हकप्रद शेयर निष्काशनको लागि नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृति भई धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सिभिल क्यापिटल मार्केट लि.को बिक्री प्रबन्धकत्वमा २०६७ बैशाख २ गते देखि बिक्री खुल्ला गरिने भएको छ ।

आ) शाखा विस्तार योजना : कम्पनीले निकट भविष्यमा काठमाण्डौ उपत्यका लगायत अन्य स्थान समेतमा शाखा विस्तार गर्ने सोच राखी कार्य गरिरहेको छ । यस सम्बन्धमा आवश्यक प्रकृया अघि बढाइएको व्यहोरा अवगत गराउन चाहन्छौं ।

इ) कम्पनीले लगानीका लागि नयाँ क्षेत्रहरु पहिल्याउने तथा लगानीलाई विविधिकरण गर्न विभिन्न नयाँ क्षेत्रहरुलाई लगानीका लागि प्राथमिकता दिनेछ ।

**४. संस्थाको औधोगिक तथा ब्यावसायिक सम्वन्ध**

कम्पनिले आफ्नो कार्यक्षेत्र तथा दायरालाई फराकिलो बनाउदै लगेको छ र नेपालका औद्योगिक ब्यावसायिक घरानासंग सम्वन्ध विकास तथा बिस्तार गर्दै लगेको छ । कम्पनीले नेपाल राष्ट्र बैङ्क, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत कम्पनीसंग सम्बद्ध अन्य संघ संस्थाहरुसंग सुमधुर व्यवसायिक सम्बन्ध स्थापना गरेको छ ।

**५. संचालक समितिमा हेरफेर**

समिक्षा अवधिमा संचालक समितिमा कुनै हेरफेर भएको छैन । संचालक समितिका सदस्यहरुको विवरण देहाय बमोजिम रहेको ब्यहोरा जानकारी गराउदछौ ।

| सि.नं. | नाम | पद |
|---|---|---|
| १ | श्री भुवन देव पन्त | अध्यक्ष (संस्थापक) |
| २ | श्री राजाराम बानियाँ क्षेत्री | संचालक (संस्थापक) |
| ३ | श्री केशव राज पाण्डे<br>प्रतिनिधि गौरव इन्भेष्टमेन्ट प्रा.लि. | संचालक (संस्थापक) |
| ४ | श्री अइन्द्रराज सिलवाल<br>प्रतिनिधि मोडर्न वीण्डमील इन्टरनेशनल प्रा.लि. | संचालक (सर्वसाधारण) |
| ५ | श्री बिजय देव पन्त | संचालक (सर्वसाधारण) |
| ६ | श्री माधव प्रसाद अर्याल | संचालक (व्यवसायिक विशेषज्ञ) |

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनीको संचालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरुको निर्वाचन प्रत्येक ४/४ बर्षमा गर्नुपर्ने भएकोले कम्पनीको २०६२ पौष २७ मा सम्पन्न दोस्रो वार्षिक साधारण सभाबाट निर्वाचित संचालकहरु यस वर्षको छैटौं वार्षिक साधारण सभासम्म मात्र कायम रहनु हुने भएकोले यस साधारण सभामा कम्पनीको नियमावलीको नियम २७ बमोजिम संस्थापक शेयरधनीहरु मध्येबाट ३ जना संचालकहरु मध्ये संस्थापक संस्थागत शेयरधनी श्री गौरव इन्भेष्टमेण्ट प्रा. लि. ले मनोनित गर्ने सञ्चालक १ जना बाहेक अन्य संस्थापकहरु मध्येबाट २ जना संचालक र सर्वसाधारण शेयरधनीहरु मध्येबाट २ जना संचालक गरी जम्मा ४ जना संचालकहरुको निर्वाचन गर्ने कार्यक्रम रहेको व्यहोरा जानकारी गराउन चाहन्छौं ।

**६. कारोबारमा प्रभाव पार्ने कारकहरु :**

हाल बिश्व वजारमा देखिएको आर्थिक मन्दिका कारणबाट नेपालमा पनि प्रभाव पर्दै गईरहेको छ । मुलुक भित्रको अस्थिर राजनैतिक अवस्थाले गर्दा लगानीको लागि सकारात्मक वातावरण बन्न सकेको छैन । बिप्रेषण को आप्रबाहको वृद्धिदर घट्दै गईरहेको छ । मुलुकको समग्र बैंकिङ्ग प्रणालीमा कायम रहेको तरलताको अभावले गर्दा कोषको लागत बढ्दो अवस्थामा छ, जस्ले गर्दा कम्पनीको मुनाफामा प्रत्यक्ष असर पर्दछ ।

**७. लेखापरीक्षण प्रतिबेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर संचालक समितिको प्रतिक्रिया**

लेखापरीक्षकको प्रतिबेदनमा साधारण प्रकारको प्रतिक्रियाहरु रहेको तथा सो कैफियतहरलाई सुधार गर्न तथा आगामी दिनमा सो कमि कमजोरी नराख्न ब्यवस्थापनलाई निर्देशन दिई सकिएको छ ।

**८. लाभांस बाँडफाँट**

आर्थिक बर्ष २०६५।६६को मुनाफाबाट चुक्ता पूँजीको १०.५२६३ प्रतिशत (कर समेत) ले रु. १,०५,२६,३१६ नगद लाभासं वितरण गर्न प्रस्ताव गरिएको छ ।

**९. शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनु अगावै सो वापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरण :**
छैन ।

**१०. विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोवारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरवलोकन :**

कुनै सहायक कम्पनी नरहेको ।

**११. कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरु र सो अवधिमा कम्पनीको कारोवारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :**

कुनै सहायक कम्पनी नरहेको ।

**१२. विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**

कुनै जानकारी प्राप्त हुन नआएको ।

**१३. बिगत आर्थिक बर्षमा संस्थाका संचालक तथा पदाधिकारीले लिएको शेयर स्वामित्वको विवरण :**

| **नाम** | **पद** | **शेयर स्वामित्व कित्ता** |
|---|---|---|
| श्री भुवन देव पन्त | अध्यक्ष | ६६,१६० |
| श्री राजाराम बानियाँ क्षेत्री | संचालक | ५०,००० |
| श्री केशवराज पाण्डे | संचालक | १५,९०१ |
| श्री बिजय देव पन्त | संचालक | १,४३८ |
| श्री अइन्द्र राज सिलवाल | संचालक | ११४ |
| श्री भक्त प्रल्हाद पाण्डे | प्रमुखकार्यकारी अधिकृत | १५,९०१ |
| श्री रविन देव पन्त | नायव महाप्रबन्धक | १,४३८ |
| श्री घनश्याम पन्त | कम्पनी सचिव | ६०० |

**१४. बिगत आर्थिक बर्षमा संस्थासंग सम्वन्धित सम्झौताहरुमा कुनै संचालक तथा निजको नजिकको नातेदारको ब्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराईएको जानकारी ।**

छैन ।

**१५. कम्पनीले आफ्नो शेयर आफैले खरीद गरेके भए सो को जानकारी**
छैन ।

**१६. आन्तरिक नियन्त्रण प्रणली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण :**
कम्पनीको कार्य संचालनमा आन्तरीक नियन्त्रण कायम गर्न आन्तरीक लेखा परीक्षक नियुक्त गरिएकोछ । आन्तरीक लेखा परीक्षकले नियमित रुपमा कारोबारको निरीक्षण, अनुगमन गरी सो को प्रतिबेदन सोझै लेखा परिक्षण समितिलाई बुझाउने गरेको छ ।

**१७. बिगत आर्थिक बर्षको कुल  ब्यवस्थापन खर्चको जानकारी**

- विगत आर्थिक वर्षमा भएको कर्मचारी खर्च रु. ६५,२२,६८८
- विगत आर्थिक वर्षमा भएको अन्य संचालन खर्च रु. ७९,०१,५९२

**१८. लेखापरीक्षण समितिका सदस्यहरु तथा निजहरुले प्राप्त गरेको पारीश्रमिक :**

**लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेका काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :**

लेखापरीक्षण समितिका पदाधिकारीहरुको विवरण देहाय बमोजिम रहेको छ । लेखापरीक्षण समितिमा आन्तरिक लेखापरीक्षकलाई समेत आमन्त्रण गर्ने गरिएको छ ।

| | |
|---|---|
| १. श्री बिजय देव पन्त (संचालक) | संयोजक |
| २. श्री राजाराम बानियाँ क्षेत्री (संचालक) | सदस्य |
| ३. श्री अइन्द्रराज सिलवाल (संचालक) | सदस्य |
| ४. श्री माधव प्रसाद अर्याल (व्यवसायिक संचालक) | सदस्य |
| ५. श्री पुरुषोत्तम राज पाण्डे (अधिकृत) | सदस्य सचिव |

लेखापरीक्षण समितिको बैठक भत्ता वापत जम्मा रु. १,१२,०००।०० पारिश्रमिक प्रदान गरिएको छ ।

लेखापरीक्षण समितिले लेखापरीक्षकले दिएका प्रतिवेदन उपर छलफल गरी सञ्चालक समितिलाई प्रतिवेदन पेश गर्नुका साथै समय समयमा आवश्यक सुझावहरु पनि दिदै आएको छ । लेखापरीक्षण समितिको आकारलाई शेयरधनी महानुभावहरुले गत साधारण सभामा दिनु भएको सुझाव तथा नेपाल राष्ट्र बैंकबाट प्राप्त निर्देशन बमोजिम यसै आर्थिक वर्ष देखि सानो बनाउने व्यहोरा जानकारी गराउन चाहन्छौं ।

**१९. संचालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी जा नीजहरुको नजीकका नातेदार संलग्न रहेको फर्म, कम्पनी लाई कुनै रकम बुझाउन बाकि भएको भए सो बिबरण :**

छैन ।

**२०. संचालक, कार्यकारी प्रमुख, तथा पदाधिकारहिरुलाई भूक्तानी गरीएको पारीश्रकि तथा सुबिधा :**
विगत आर्थिक वर्षमा संचालकहरुलाई बैठक भत्ता वापत जम्मा रु. ३,५४,०००।०० भुक्तानी गरिएको छ ।

प्रमुख कार्यकारी अधिकृतलाई पारिश्रमिक तथा भत्ता गरी जम्मा रु. २२,२७,५९६ र अन्य सुविधाहरु सञ्चालक समितिको निर्णय तथा कम्पनीको कर्मचारी विनियमावली बमोजिम प्रदान गरिएको छ ।

अन्य व्यवस्थापन पदका कर्मचारीहरुलाई पारिश्रमिक र भत्ता गरी रु. १५,६२,००९ प्रदान गरिएको छ । अन्य सुविधाहरु सञ्चालक समितिको निर्णय तथा कम्पनीको कर्मचारी विनियमावली बमोजिम प्रदान गरिएको छ ।

**२१. शेयरधनहिरुले बुझ्न बाकि रहेको लाभांश**

शेयरधनीहरुले २०६६ आषाढ समान्तमा बुझ्न बाँकी रहेको लाभांश आ.ब. २०६३।६४ को रु. १,१२,००० र आ.ब. २०६४।६५ को रु. ९,८३,०७९ गरी जम्मा रु. १०,९५,०७९ रहेको छ ।

**२२. दफा १४१ बमोजमि सम्पति खरीद वा बिकि गरेको बिवरण**
गत वर्षको पाँचौ वार्षिक साधारण सभामा पारित भए बमोजिम श्रीमती पुष्पा बानियाँ क्षेत्रीको काठमाण्डौ महानगरपालिका वडा नं. १ नक्साल, नागपोखरी स्थित घरजग्गा खरिदका लागि पेश्की दिइसकिएको र कम्पनीले निष्काशन गर्न लागेको १:२ बराबरको हकप्रद शेयर बापतको रकम प्राप्त भए पश्चात पुँजी बृद्धि भए पछि उक्त घरजग्गाको मुल्य चुक्ता गरी कम्पनीको नाममा नामसारी रजिष्ट्रेशन पास गरिने व्यहोरा जानकारी गराउन चाहन्छौं ।

**२३. दफा १७५ बमोजीम सम्वद्ध कम्पनी संग भएको कारोबारको बिबरण**
छैन ।

**२४ अन्य**

कम्पनीको आर्थिक विवरणहरु कम्पनी ऐन, नेपाल लेखा मान, बैंक तथा वित्तिय संस्था सम्वन्धि ऐन २०६३, कम्पनी ऐन २०६३ तथा सर्वमान्य लेखाका सिद्धान्त अनुसार बनाईएको छ । कम्पनीको आर्थिक विवरणहरु तात्विक गल्तिहरुबाट मुक्त रहेको जानकारी गराउदछौं । कम्पनीले नेपाल राष्ट्र बैंकको निर्देशन विपरित संचालक, प्रमुख कार्यकारी अधिकृत, आधारभुत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म वा कम्पनीलाइ कर्जा उपलब्ध गराएको छैन भन्ने जानकारी गराउदछौं ।

**लेखापरीक्षक**

कम्पनीको पाँचौं वार्षिक साधारण सभाबाट नियुक्त लेखापरीक्षक श्री राज एम एस एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्टले कम्पनीको हरहिसाबको बिस्तृत रुपमा लेखा परिक्षण गरी समयमै प्रतिबेदन  उपलब्ध गराईदिनु भएकोमा संचालक समितिको तर्फबाट  हार्दिक धन्यबाद दिन चाहन्छौ । बैंक तथा बित्तिय संस्था सम्वन्धि ऐन २०६३ अनुसार वहाँ पुनः नियुक्तिका लागि योग्य हुनु भएकोले लेखा परिक्षण समितिले श्री राज एम एस एण्ड कम्पनीलाई आ. व. ०६६।६७ को लागि लेखापरीक्षकको लागि सिफारिश गरेकोले सो सिफारिस अनुमोदनको लागि प्रस्ताव गरिएको छ ।

अन्तमा,

कम्पनीले हासील गरेका उपलब्धीहरु तपाईहरुको हामी प्रतिको बिश्वास तथा सहयोगले नै प्राप्त भएको हो । हाम्रा शेयरधनीहरुबाट प्राप्त निरन्तर सहयोग, समर्थन र प्रेरणाले हामीलाई लक्ष्य प्राप्तिमा टेवा पुग्ने बिश्वास लिएका छौं । हाम्रो प्रथम कर्तब्य कम्पनीको बिकास तथा लगानी लाई सुनिश्चता प्रदान गरी निक्षेपकर्ताको निक्षेप तथा लगानीकर्ताको लगानीको सुरक्षा गर्नु हो ।

कम्पनीलाई आजको अवस्था सम्म डोऱ्याउन हामीलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने आदरणीय ग्राहकवर्ग, श्री नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेञ्ज लि., कम्पनीका कर्मचारीहरु, पत्रकारमित्रहरु तथा सम्पूर्ण सरोकारबालाहरु प्रति हार्दिक धन्यबाद ज्ञापन गर्दछौं ।

धन्यबाद ।

संचालक समितिको तर्फबाट

| | |
|---|---|
| अइन्द्रराज सिलवाल<br>सञ्चालक | भुवन देव पन्त<br>अध्यक्ष |

मिति : २०६६।११।२०

प्रुडेन्सीयल फाइनान्स कम्पनी लिमिटेडको २०६६।१२।१६ मा बस्ने छैटौं वार्षिक साधारण सभामा पेश गरिएको प्रबन्धपत्र संशोधन प्रस्तावः

| हाल भैरहेको व्यवस्था | संशोधन | संशोधन गर्नुपर्ने कारण र औचित्य |
|---|---|---|
| दफा ५. वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु :<br>उपदफा (व) : हाल व्यवस्था नभएको | दफा ५. वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु :<br>उपदफा (व) : मुद्रा विप्रेषण सम्बन्धी कार्य गर्ने । | मुद्रा विप्रेषणको कार्य गर्न उक्त उपदफा थप गर्नुपर्ने भएकोले । |